निर्णयहरु :-

निर्णय नं १:

मिति २०७५/०३/२६ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार यस नं.पा का निम्न अनुसारका व्यक्तिहरुलाई स्वास्थ्य उपचार र दैवीप्रकोप व्यवस्थापन राहत बापत निर्णय गरिएको रकम निजहरुले गत आ.व.का प्राप्त गर्न छुट भएको हुँदा निजहरुलाई आ.व. ०७५/७६ को स्वीकृत बजेटबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| सि.नं. | सहायता पाउनेको नाम,थर | ठेगाना | स्वीकृत भएको रकम | प्राप्त गर्न छुट भएको रकम | उपलब्ध गराउने शिर्षक |
|---|---|---|---|---|---|
| १. | काशिनाथ खनाल | पु.नं.पा ३ | रु. २० हजार | रु. १८ हजार | विपद् व्यवस्थापन |
| २. | टिकाराम मजाकोटी | पु.नं.पा १० | रु. १५ हजार | – | स्वास्थ्य उपचार |

निर्णय नं २:

गण्डकी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको च.नं. ५३, मिति २०७५/०४/११ को प्राप्त पत्र बैठकमा पेश भई जानकारी भयो। सो अनुसार यस नगरपालिका भित्र प्रदेश सरकार संगको लागत सहभागितामा निर्माण हुने निम्न अनुसारका संरचनाहरुको निर्माणको लागि निम्न अनुसारका स्थानहरु प्रस्ताव गरी पठाउने साथै उक्त अनुसारका संरचनाहरुको निर्माणमा यस नगरपालिकाको तर्फबाट लागत इस्टिमेटको १० प्रतिशत रकम लागत सहभागिता जुटाइने कुराको प्रतिबद्धता उल्लेख गरी पठाउने समेत निर्णय गरियो ।

| सि.नं. | योजना कार्यक्रमको नाम | प्रस्ताव गरिएको वडा | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | बहुउद्देश्यीय सभा हल | ६ | शिवालय मन्दिर, बरेटार | |
| २. | पार्क/मनोरञ्जन स्थल | ६ | लक्ष्मी नारायण मन्दिर हाँटीचौर | |
| ३. | सुविधायुक्त शौचालय निर्माण | ६ | हाल नगरपालिका भवन परिसरभित्र | |

निर्णय नं ३:

सडक बोर्ड नेपालको च.नं. ५६ मिति २०७५/०४/२० को पत्रानुसार यस नगरपालिकाको निम्न वडाको निम्न सडकहरु ARMP तयार गरी पठाउने निर्णय गरियो ।

१) देउराली मन्दिर देखि शान्ति मा.वि स्कूल सम्म जोड्ने सडक वडा नं.१,
२) वेलघारी पुल देखि क्रान्ति नमुना मा.वि (सडकखण्ड) सम्म जोड्ने मोटरबाटो वडा नं.६,
३) सालीमट्याङ खोला क्याम्पस गेट^ मोटरबाटो वडा नं ६,५,३ ।

निर्णय नं ४:

जिल्ला समन्वय समितिको च.नं. ३५ मिति २०७५।०४।१५ को प्राप्त पत्रानुसार मध्यनेपाल न.पा को दुइपिप्ले देखि कुम्हा हुँदै सुन्धरबजार नगरपालिका कार्यालय भवन सम्म जोड्ने सडकको कालोपत्रेको लागि विवरण भरी पठाउने निर्णय गरियो ।

निर्णय नं.५:

सुन्धरबजार न.पा वडा नं ६ कार्यालयको च.नं. ४७ मिति २०७५।०४।१४ को पत्र अनुसार वडा नं ६ मा २०७५।०४।१० र ११ गते Youth for Sustainable Agriculture (YSA) संस्थाद्वारा (कृषि क्याम्पसका विद्यार्थीहरुको) आयोजना गरिएको दुई दिने टमाटर खेती तालिम सम्पन्न गर्दा लागेको खर्च रु. २६८२५।- रुपैयां भुक्तानी दिने निर्णय गरियो ।